साँगुरीगढी गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड-६ | संख्या-१ | मितिः-२०८३/०२/२२ |
|---|---|---|

भाग-२

साँगुरीगढी गाउँपालिका, धनकुटा

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः-२०८३/०२/२२

## साँगुरीगढी गाउँपालिकाको संघ संस्था दर्ता तथा नविकरण नियमावली, २०८३

# साँगुरीगढी गाउँपालिकाको संघ संस्था दर्ता तथा नविकरण नियमावली, २०८३

**प्रस्तावनाः**

साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, आर्थिक, बौद्धिक, पर्यावरण, खेलकुद एवं विकास सम्वन्धी काम गर्ने संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून वमोजिम दर्ता भएका संघ संस्थाहरुको भुमिकालाई प्रभावकारी, जवाफदेही र आर्थिक पारदर्शी बनाउदै पालिकाको प्राथमिकताका क्षेत्रमा काम गर्ने वातावारण वनाउन साँगुरीगढी गाउँपालिकाको स्थानीय संघ संस्था दर्ता तथा नविकरण ऐन, २०७६ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी साँगुरीगढी गाउँपालिका गाउँकार्यपालिकाले यो नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "साँगुरीगढी गाउँपालिकाको संघ संस्था दर्ता तथा नवीकरण नियमावली, २०८३" रहने छ ।

(२) यो नियमावली साँगुरीगढी गाउँकार्यपालिकाले निर्णय गरे पछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(२) "ऐन" भन्नाले साँगुरीगढी गाउँपालिकाको स्थानीय संघ संस्था दर्ता तथा नवीकारण ऐन, २०७६ सम्झनु पर्छ ।

(३) "स्थानीय अधिकारी" भन्नाले साँगुरीगढी गाउँपालिका गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(४) "विधान" भन्नाले अनुसूची-४ अनुसार संस्थाको विधान सम्झनु पर्छ ।

(५) "संस्था" भन्नाले सामाजिक, शारीरिक, आर्थिक, व्यवसायिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उदेश्यले स्थापना भएको संघ, संस्था, क्लब, मण्डल, परिषद्, उपभोक्ता समिति, समुह, सामुदायिक संस्था र अध्ययन केन्द्र आदिलाई सम्झनु पर्छ ।

**३. संस्था दर्ताको लागि निवेदनः** (१) ऐन वमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले वा संस्थाले एक हजार रुपैया दस्तुर बुझाएको निस्सा वा रसिद संस्थाको विधान र अनुसूची-१ अनुसारको ढाँचामा अनुसूची-२ मा उल्लेखित कागजात सहित स्थानीय अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(२) संस्थाको विधानमा अनुसूची-३ मा उल्लेखित कागजातहरु समावेश भएको हुनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाहरुले ऐनमा तोकेको अवधी भित्र पाँच सय रुपैया दस्तुर बुझाएको निस्सा, संस्थाको विधान र अनुसूची-१ अनुसारको ढाँचामा अनुसूची-२ मा उल्लेखित कागजात सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

**४. संस्थाको दर्ता र प्रमाण-पत्रः** (१) नियम-३ बमोजिमको निवेदन पेश भई प्राप्त भए पछि स्थानीय अधिकारीले आवश्यक कागजातहरु जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा वा देखेमा अनुसूची-४ बमोजिम दर्ता किताबमा संस्था दर्ता गरी अनुसूची-५ वमोजिम संस्था दर्ता प्रमाण-पत्र दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता हुने संस्थाको विधानमा पदाधिकारीहरुको पदावधी बढीमा पाँच बर्षसम्म उल्लेख गरेको हुनु पर्नेछ ।

**५. दर्ता अवधी, नवीकरण र दस्तुरः** (१) नियम ४ वमोजिमको संस्था दर्ता अवधी एक आर्थिक बर्षसम्म कायम रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता कायम रहने अवधी समाप्त भएको मितिले तीन महिना भित्र सम्वन्धित संस्थाले पाँच सय रुपैया दस्तुर तिरी स्थानीय अधिकारीबाट संस्था नविकरण गराउनु पर्छ ।

(३) उपनियम (२) बमोजिम म्याद नघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नविकरण हुन नसकेको मनासिव कारण देखाई संस्था दर्ता नवीकारणको लागि निवेदन पत्र दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय वमोजिमको शतप्रतिशत थप दस्तुर लिई संस्था नविकरण गरिदिन सक्नेछ ।

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि थप रकम रु १००/-(एक सय मात्र)

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि थप रकम रु ३५०/-(तीन सय पचास मात्र)

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि म्यादभित्र नविकरण नगराएका संस्थाहरुले नविकरण हुन नसकेको मनासिब कारण देखाई नविकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक बर्षको लागि लाग्ने नविकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक बर्षको लागि एक हजार रुपैयाका दरले थप जरिवाना समेत लिइ स्थानीय अधिकारीले त्यस्तो संस्था नविकारण गर्न सक्नेछ । तर यसरी नविकरण गर्दा चालु आर्थिक बर्षको असोज मसान्त भित्र नविकरण गरेमा सो आर्थिक बर्षको लागि जरिवाना बाहेक पाँचसय रुपैया नविकरण दस्तुर मात्र लाग्नेछ । सो अवधी पछि नविकरण गर्नेको हकमा जरिवाना छुट हुने छैन ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै संस्थाले बढीमा पाँच बर्ष सम्मको लागि एकै पटक संस्था नविकरण गर्न निवेदन दिएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाले गरि आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक बर्षको लागि पाँच सय रुपैयाका दरले पाँच बर्षको दुइ हजार पाँच सय मात्र दस्तुर लिई एकै पटक पाँच बर्षसम्मको लागि संस्था नविकरण गरिदिन सक्नेछ । यसरी नविकरण भएको संस्थाले सो अवधीको संस्थाको वार्षिक प्रगति प्रतिवेदन साधरण सभाको निर्णय र लेखा परीक्षण प्रतिवेदन हरेक बर्ष गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको नविकरण भएको संस्थाले हरेक बर्ष पौष मसान्त भित्र सो उपनियम वमोजिम कागजात पेश नगरेमा नविकरण खारेज गर्न सक्नेछ ।

(७) संस्था नविकरण गर्नका लागि निवेदन दिँदा कार्य समितिका पदाधिकारीहरुको नामावली र संस्था नविकारण सम्वन्धी कार्य समितिको निर्णय समेत संलग्न गर्नु पर्नेछ ।

(८) यो नियमावली लागु हुनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाहरुको नविकरण प्रक्रिया यसै नियम बमोजिम हुनेछ ।

(९) माथि जुनसुकै कुरा लेखिएको भएता पनि पनि सात वर्ष भन्दा बढी समय नविकरण नगरेमा सो संस्था स्वत खारेज हुनेछ र यसरी खारेज भएका संस्थाको सम्पूर्ण चल अचल सम्पति साँगुरीगढी गाउँपालिकाको हुनेछ ।

(१०) उपनियम (३) र (५) बमोजिम संस्था नवीकरण गरेको जानकारी कोशी प्रदेश सामाजिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

**६. विधान संशोधनः** (१) संस्थाको आफ्नो विधान संशोधन गर्नु पर्ने भएमा विधानमा उल्लेखित प्रक्रिया पूरा गरी सम्पूर्ण सदस्य संख्याको कम्ती दुइतिहाई सदस्यहरुद्वारा पारित गरिएको विधानको मस्यौदा स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ । (२) उपनियम (१) बमोजिम पेश भएको विधान संशोधन प्रस्तावको आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम संशोधन गर्न मिल्ने देखिएमा स्थानीय अधिकारीले पेश भएको पन्ध्र दिन भित्र संशोधनका लागि स्वीकृत दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको स्वीकृत भए पछि संस्था विधान संशोधन गरी संशोधित विधान अनुसार कार्य गर्नु पर्नेछ ।

**७. संस्थाको विघटन वा खारेजीः** (१) संस्थाको विधान बमोजिम साधरण सभाका दुइ तिहाई सदस्यहरुको समर्थनबाट संस्था विघटन भएमा सम्वन्धित संस्थाले विघटन भएको पन्ध्र दिन भित्र साँगुरीगढी गाउँपालिकालाई जानकारी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जानकारी दिँदा साधारण सभाको निर्णय, संस्थाको पछिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिबेदन सो आर्थिक बर्षसम्मको कर बुझाएको निस्सा र संस्था दर्ताको प्रमाण पत्रको सक्कल पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) वमोजिमको प्रक्रिया र उपनियम (२) अनुसारका कागजात पेश भएमा विघटित संस्थाको अभिलेख अध्यावधिक गरी सोको जानाकारी सार्वजनिक गर्नु पर्नेछ ।

(४) ऐनको दफा १२ को उपदफा (४) बमोजिम निलम्बनको अवधी बढीमा तीन महिना रहनेछ । तीन महिना भित्र संस्थालाई स्थानीय अधिकारीले मानसिब माफिकको जवाफ पेश गर्न लगाई सोको आधारमा अध्ययन गरी निलम्वन फुकुवा वा खारेजीका लागि गाउँपालिकाका पेश गर्नु पर्नेछ ।

(५) संस्था निलम्बन वा खारेजी भएको सूचना कम्तिमा स्थानीय स्तरको पत्रिकामा सार्वजनिक गर्नु पर्नेछ ।

**अनुसूची-१**
**(नियम-३ सँग सम्वन्धित)**
**निवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
साँगुरीगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भेडेटार, धनकुटा ।

**विषयः संस्था दर्ता गरिदिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा साँगुरीगढी गाउँपालिका वडा नं..........स्थित....................................................................नामक संस्था दर्ता गर्न चाहेको हुँदा साँगुरीगढी गाउँपालिकाको स्थानीय संघ संस्था दर्ता तथा नविकरण ऐन, २०७६ तथा साँगुरीगढी गाउँपालिकाको स्थानीय संघ संस्था दर्ता तथा नविकारण नियमावली, २०८३ वमोजिम संस्था दर्ता गर्न संस्थाको दुई प्रति विधान सहित देहायको विवरण खुलाई निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

**विवरणः**

१. संस्थाको नामः ...............................................................
२. संस्थाको प्रमुख उदेश्यहरु-
(क) ........................................................................................................
(ख) ........................................................................................................
(ग) ........................................................................................................
३. कार्य समितिका सदस्यहरु नाम ठेगाना-
(क) अध्यक्ष श्री ...................................................साँगुरीगढी गाउँपालिका वडा नं. ............. धनकुटा
(ख) उपाध्यक्ष श्री ..................................................साँगुरीगढी गाउँपालिका वडा नं. ..............धनकुटा
(ग) सचिव श्री ...................................................साँगुरीगढी गाउँपालिका वडा नं. ..............धनकुटा
(घ) कोषाध्यक्ष श्री ..................................................साँगुरीगढी गाउँपालिका वडा नं. ..............धनकुटा
(ङ) सदस्य श्री ..................................................साँगुरीगढी गाउँपालिका वडा नं. ..............धनकुटा
(च) सदस्य श्री ..................................................साँगुरीगढी गाउँपालिका वडा नं. ..............धनकुटा
(छ) सदस्य श्री ..................................................साँगुरीगढी गाउँपालिका वडा नं. ..............धनकुटा
(ज) सदस्य श्री ..................................................साँगुरीगढी गाउँपालिका वडा नं. ..............धनकुटा
(झ) सदस्य श्री ..................................................साँगुरीगढी गाउँपालिका वडा नं. ..............धनकुटा
४. आर्थिक स्रोत.................................................................
५. संस्थाको प्रकार.............................................................
६. कार्यालयको ठेगाना ............................................................

पेश गर्ने पदाधिकारीको नामः श्री .....................................................
सहीः.................................
पदः ....................

संस्थाको छापः

मितिः.........................

## अनुसूची-२

**(नियम-३ को उपनियम (१) र (२) सँग सम्वन्धित)**

**संस्था दर्ता तथा नविकरण सम्वन्धी आवश्यक कागजातहरु**

**१. संस्था दर्ताका लागि आवश्यक कागजातहरु**

(क) संस्था दर्ताको लागि निवेदन पत्र

(ख) संस्थाको विधान दुइ प्रति (पदाधिकारीहरुको सवैले विधानको पहिलो पानाको शिर बाहेक अन्य पानामा तल माथि सही गरको हुनु पर्नेछ ।

(ग) संस्था गठन र विधान पारित सम्वन्धी साधरण सभाको भेलाको निर्णयहरु

(घ) संस्था दर्ता सम्वन्धी कार्य समितिको निर्णय र अख्तियारी प्रदान गरेको पत्र वा निर्णय

(ङ) पदाधिकारीहरुको नाम, थर, पद, ठेगाना, उमेर, नागरिकता नं., पेशा, शैक्षिक, योग्यता, सम्पर्क नं. र फोटो सहितको व्यक्तिगत विवरण

(च) संस्थाको कार्यालय रहने सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

(छ) पदाधिकारीहरुको प्रचलति कानून वमोजिम योग्यता पुगेको स्वघोषणा पत्र

(ज) संस्थाको छापको नमुना

(झ) संस्था दर्ताका लागि एक हजार रुपैयाको दस्तुर वुझाएको रसिद

**२. संस्था नविकरणको लागि आवश्यक कागजातहरु**

(क) संस्था नविकरणको निवेदन पत्र

(ख) संस्था दर्ता प्रमाण पत्रको सक्कल प्रति

(ग) अधिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन

(घ) संस्था नविकरण सम्बन्धी कार्य समितिको निर्णय र अख्तियारी प्रदान गरेको पत्र

(ङ) संस्थाको कार्यालय रहने सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

(च) संस्था नविकरणको लागि ऐन वमोजिम दस्तुर तथा जरिबाना भएको भए रकम वुझाएको रसिद

(छ) बार्षिक प्रतिवेदन

(ज) अघिल्लो आर्थिक बर्ष सम्मको कर चुक्ता प्रमाण पत्र

(झ) स्थायी लेखा नम्वर

(ञ) संस्था नवीकरण गर्दा दस्तुर ५००/- (पाँच सय मात्र) बुझाउनु पर्नेछ

**अनुसूची-३**

**(नियम-३ को उपनियम (२) सँग सम्वन्धित)**

## संस्थाको विधानमा हुनुपर्ने आवश्यक कुराहरु

**परिच्छेद-१**

**परिचय**

१.संस्थाको नामः

२. कार्य क्षेत्र र संस्थाको ठेगानाः

३. संस्थाको छाप र चिन्ह

**परिच्छेद-२**

**संस्थाको उदेश्य**

४. संस्थाको उदेश्वय

५. उदेश्य प्राप्त गर्न गरिने क्रियाकलापहरु

**परिच्छेद-३**

**सदस्यता**

६. सदस्यताको वर्गिकरण

७. सदस्यता प्राप्तिका लागि योग्यता

८. सदस्य नियुक्ति हुन नसक्ने अवस्था

९. संस्थाको सदस्य वहाल रहन नसक्ने अवस्था

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

**परिच्छेद-४**

**साधरण सभा तथा बैठक सम्वन्धी व्यवस्था**

११. संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनु पर्ने सूचना सम्वन्धी कुरा

(क) साधरण सभाको गठन

(ख) गणपुरक संख्या

(ग) साधरण सभाको काम कर्तव्य र अधिकार

**परिच्छेद-५**

**कार्य समितिको गठन तथा बैठक सम्बन्धी व्यवस्था**

१२. कार्य समिति

१३. गणपुरक संख्या

१४. काम कर्तव्य र अधिकार

**परिच्छेद-६**

**आर्थिक अवस्था**

१५. संस्थाको कोष

१६. खाता संचालन

१७. लेखा र लेखा परीक्षण

**परिच्छेद-७**

१८. निर्वाचन सम्वन्धी व्यवस्था

१९. उम्मेउवार

२०. अविस्वासको प्रस्ताब

२१. विधान संशोधन

२२. नियम वनाउन सक्ने

२३. तदर्थ समिति

२४. संस्था विघटन वा खारेजी

२५. ऐन अनुसार हुने

अनुसूची-४
(नियम-४ सँग सम्वन्धित)
दर्ता किताबको ढाँचा

संस्था दर्ताको किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको प्रकार | संस्थाको प्रमुख उदेश्य | अध्यक्ष र सचिवको नाम र ठेगाना | प्रमाणित गर्ने अधिकारीको नाम, पद | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसूची-५**

**(नियम-४ सँग सम्बन्धित)**

**साँगुरीगढी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय भेडेटार, धनकुटा**

## संस्था दर्ताको प्रमाण-पत्र

दर्ता नं. मितिः.......................

श्री ...........................................................................

..........................................................................।

साँगुरीगढी गाउँपालिकाको स्थानीय संघ संस्था दर्ता तथा नविकरण ऐन, २०७६ को दफा ४ र स्थानीय संघ संस्था दर्ता तथा नविकरण नियमावली, २०८३ को नियम ............वमोजिम.............................................प्रकारको संस्था दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ । प्रचलित कानून र संस्थाको विधान वमोजिम नियमित कार्य सम्पादन गर्नु होला ।

प्रमाण पत्र जारी गर्ने स्थानीय अधिकारीको

दस्तखत........................................

नाम, थर.......................................

पद..............................................

कार्यालयको छाप.............................

**संस्था नविकरणको ढाँचा**

| क्र. सं. | नविकरण मिति | नविकरण गर्नेको | | दस्तुर बुझाएको | | नविकरण गर्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | पद | रसिद नं. | रकम | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**प्रमाणिकरण मितिः- २०८३/०२/२२**

**आज्ञाले**

**पुण्य प्रसाद पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**